गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१
(बैठक संख्या:- १०-२०८०/०८१)

आज मिति २०८१ साल असाढ १ गते तदनुसार नेपाल संवत ११४४ तछलाथ्व ९ शनिबारका दिन दिउँसो २:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव गाउँ कार्यपालिका |

CamScanner

लोक राज डंगी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १०-२०८०/०८१)

प्रस्तावहरु:

१. आ.व. २०८१/०८२ को बजेट अधिवेशन आव्हान सम्वन्धमा।
२. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत सम्वन्धमा।
३. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयारी सम्वन्धमा।
४. आ.व. २०८१/०८२ को अर्थ विधेयक पेश गर्ने सम्वन्धमा।
५. विषयगत समिति गठन सम्वन्धमा।
६. बारेकोट गाउँपालिकाको अंङ्कित चिन्ह (लोगो) सम्वन्धमा।
७. अस्थायी आवास निर्माणको राजश्व फिर्ता सम्वन्धमा।
८. अनुदानमा ब्याकहो लोडर (डोजर) माग सम्वन्धमा।
९. बहुवर्षीय योजनाहरुको म्याद थप सम्वन्धमा।
१०. योजनाहरुको म्याद थप सम्वन्धमा।
११. हावाहुरीले उडाएको छानो मर्मत सम्वन्धमा।
१२. खारा खोला झोलुङ्गेपुल मर्मत सम्वन्धमा।
१३. घरभाडा तथा अतिथि सत्कार सम्वन्धमा।
१४. आँखा अस्पताल सम्वन्धमा।
१५. राजश्व परामर्श समिति र न्यायिक समितिको प्रतिवेदन सम्वन्धमा।
१६. स्यानिटरी प्याड र स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद सम्वन्धमा।
१७. बाटो मर्मतको भुक्तानी सम्वन्धमा।
१८. सार्वजनिक सुनुवाईको समिक्षा सम्वन्धमा।
१९. विपद् सामाग्री खरिद सम्वन्धमा।

**निर्णय नं. १**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ बमोजिम बारेकोट गाउँपालिकाको १९ औं बजेट अधिवेशन मिति २०८१।०३।०५ गतेका दिन आव्हान गर्ने।

**निर्णय नं. २**

मिति २०८१ साल असार ५ गते आह्वान गरिएको बारेकोट गाउँपालिकाको १९ औं अधिवेशनमा आ.व. २०८१/०८२ को नीति तथा तथा कार्यक्रम प्रस्तुतिका लागि सिफारिस गर्ने।

**निर्णय नं. ३**

आ. ब. २०८१।०८२ को मिति २०८१।०३।०५ गतेका लागि आव्हान भएको गाउँ सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रम र मिति २०८१ साल असार १० गते प्रस्तुत हुने वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल अनुसार सभा सञ्चालन सचिवालय गठन गर्ने।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बारेकोट, नेपाल

लोक राज डंगी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १०-२०८०/०८१)

तपसिल

| | | |
|---|---|---|
| श्री लोक राज खत्री | (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| श्री खगेन्द्र बोहरा | (रोजगार संयोजक) | सदस्य |
| श्री श्रम बहादुर सिंह | (योजना शाखा प्रमुख) | सदस्य |
| श्री खिम बहादुर रोकाया | (सूचना तथा प्रविधि शाखा प्रमुख) | सदस्य |

**निर्णय नं. ४**

मिति २०८१।०३।०५ गते आव्हान गरिएको १९ औ अधिवेशनमा आगामी आ.व. २०८१/०८२ को अर्थ विधेयक पेश गर्ने।

**निर्णय नं. ५**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७९ को नियम १५ बमोजिम गठित विभिन्न विषयगत समितिको जिम्मेवारी पाउनु हुने संयोजक तथा सदस्यहरुलाई इमान्दारी पूर्वक जिम्मेवारी पुरा गर्नु भएकोमा धन्यवाद दिदै आर्थिक वर्ष २०८१/०८२ को लागि उल्लिखित नियमावली बमोजिम तपसिल बमोजिम नयाँ समितिहरु गठन गर्ने।

तपसिल

**(क) सामाजिक विकास समिति**

| | |
|---|---|
| श्री दिपक नेपाली | संयोजक |
| श्री विष्णु बहादुर रावत | सदस्य |
| श्री शेर बहादुर चलाउने | सदस्य |
| श्री विष्णु सिंह | सदस्य |
| श्री राम बहादुर मल्ल | सदस्य सचिव |

**(ख) आर्थिक विकास समिति**

| | |
|---|---|
| १. श्री नैनी नेपाली | संयोजक |
| २. श्री कल्दरी कामी | सदस्य |
| ३. श्री मान बहादुर सिंह | सदस्य |
| ४. श्री मन बहादुर सिंह | सदस्य |
| ५. श्री भीम बहादुर चलाउने | सदस्य सचिव |

**(ग) पूर्वाधार विकास समिति**

| | |
|---|---|
| १. श्री दील बहादु नेपाली | संयोजक |
| २. श्री वीर बहादुर घर्ती | सदस्य |
| ३. श्री कल्पना नेपाली | सदस्य |



लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

४. श्री राममाया पुन — सदस्य
५. श्री राम बहादुर सिंह — सदस्य
६. श्री भीम बहादुर सिंह — सदस्य
७. श्री मान बहादुर चलाउने — सदस्य
८. श्री केशव बहादुर श्रेष्ठ — सदस्य सचिव

**(घ) सुशासन तथा संस्थागत विकास समिति**

| | |
|---|---|
| श्री कमला वि. क. | संयोजक |
| श्री डम्वर वहादुर महतारा | सदस्य |
| श्री पशुपती पुन | सदस्य |
| श्री महेन्द्र वहादुर सिंह | सदस्य |
| श्री खिम वहादुर रोकाय | सदस्य सचिव |

**(ङ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति**

| | |
|---|---|
| श्री विष्णु वि. क. | संयोजक |
| श्री गोरख वहादुर थापा | सदस्य |
| श्री लाल वहादुर पुन | सदस्य |
| श्री प्रेम कुमारी चलाउने | सदस्य |
| श्री खगेन्द्र वोहरा | सदस्य सचिव |

**(च) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| | |
|---|---|
| श्री तिल वहादुर थापा | संयोजक |
| श्री तुल वहादुर नेपाली | सदस्य |
| श्री लक्ष्मी शाही | सदस्य |
| श्री शेर वहादुर वस्नेत | सदस्य |
| श्री घमण्ड गिरी | सदस्य सचिव |

**(छ) विधेयक समिति**

| | |
|---|---|
| श्री राम वहादुर शाही | संयोजक |
| श्री विशाल किरण वस्नेत | सदस्य |
| श्री नर वहादुर वस्नेत | सदस्य |
| श्री कृष्णा कुमारी वानिया (वली) | सदस्य |
| श्री देवेन्द्र शाही | सदस्य सचिव |

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १०-२०८०/०८१)

**निर्णय नं. ६**

मिति २०८१।०१।३१ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार गठित समितिद्वारा निर्मित बारेकोट गाउँपालिकाको अङ्कित चिन्ह (लोगो) अनुमोदनको लागि मिति २०८१ साल असार ५ गते हुने १९ औं अधिवेशनमा पेश गर्ने।

**निर्णय नं. ७**

अस्थायी आवास निर्माणको अन्तिम भुक्तानीको लागि सिफारिस/सेवा शुल्क बापत वडा कार्यालय मार्फत लिइएको रु.५०० (अक्षरुपी पाँच सय रुपैंया) सम्वन्धित वडा मार्फत सक्कलै नगदी रसिद फिर्ता लिई भरपाई तथा रसिदको पछाडीपट्टी रकम बुझेको सही गराई सम्वन्धित लाभग्राहीलाई नै फिर्ता गर्ने।

**निर्णय नं. ८**

बारेकोट गाउँपालिका भित्रका सबै सडकहरु वर्षातको समयमा अवरुद्ध भई सर्वसाधारणको आवतजातका साथै विकास निर्माण कार्यमा अत्यन्त संकट हुने, हाल पालिकाको आफ्नै ब्याकहो लोडर (डोजर) नभएको अवस्थामा पटक पटक व्यक्ति, फर्म, कम्पनीहरुबाट अवरुद्ध सडक सफा गरि रहँदा पालिकाको ठूलो धनरासीको खर्च भइरहने र खरिद गर्न गाउँपालिकाको श्रोतको अभाव भएकाले अनुदान सहयोगमा काठमाण्डौं महानगरपालिकासँग ब्याकहो लोडर (डोजर) मागको लागि अनुरोध गर्ने। साथै उक्त कार्यको लागि हाल सडकको यथार्थ अवस्था सहितको प्रतिवेदन तयार गर्न देहाय बमोजिमको समिति गठन गर्ने।

तपसिल

| | | |
|---|---|---|
| श्री वीर बहादुर घर्ती | (वडा नं. २ वडा अध्यक्ष) | संयोजक |
| श्री कमला कामी | (कार्यपालिका सदस्य) | सदस्य |
| श्री केशव बहादुर श्रेष्ठ | (इन्जिनियर) | सदस्य सचिव |

**निर्णय नं. ९**

१५ शैयाको आधारभूत अस्पताल लिम्साको भवन निर्माण, लिम्सा सिलिङ्गि देखी दह सडक स्तरोन्नती, सिलिङ्गी देखि करुका सडक स्तर उन्नती र ५ नं. वडा कार्यालय भवन निर्माण योजनाहरुको विविध कारणले तोकिएको अवधिमा निर्माण सम्पन्न हुन नसकेकोले थप एक वर्षको लागि म्याद थप गर्ने साथै अपुग रकमको लागि सम्वन्धित निकायहरुसँग माग गर्ने।

**निर्णय नं. १०**

बारेकोट गाउँपालिकाबाट सञ्चालित विभिन्न योजनाहरुको सम्झौता म्याद २०८१ जेष्ठ ३० गते सम्म मात्र भएको र ती योजनाहरुको कार्य सम्पन्न नभएकाले सम्झौता म्याद समाप्त भएका योजनाहरुको म्याद २०८१ साल असाढ १५ गते सम्म थप गर्ने।

वीर बहादुर गिरी
अध्यक्ष



तोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १०-२०८०/०८१)

निर्णय नं ११

मिति २०८० साल चैत्र १७ गते आएको हावाहुरीका कारण बारेकोट गाउँपालिका वडा नं. ६ र ७ को वडा कार्यालय र सामुदायिक स्वास्थ्य इकाई वडा नं. ३ को छानो उडाएकोले उक्त भवनहरुको छानो मर्मत गर्न प्राविधिक लागत इस्टिमेटको आधारमा बारेकोट गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने।

निर्णय नं १२

वर्षातको समयसँगै कालिमाटी लिम्सा सडक खण्डको खाराखोला स्थित नलगाड नदिमा रहेको काठको सवारी साधन वारपार गर्ने अस्थायी पुल नदिले बगाएपछि सर्वसाधारणको आवतजावतको एक मात्र विकल्पको रुपमा रहेको अति जिर्ण खारा खोला झोलुङ्गे पुल मर्मतको लागि प्राविधिक लागत इस्टिमेटको आधारमा बारेकोट गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट आवश्यक रकमको व्यवस्था गरि एकजना कर्मचारीलाई मर्मत गर्न जिम्मेवारी तोक्ने।

निर्णय नं १३

गाउँपालिकाको खर्चमा एकरुपता, मितव्ययिता अपनाउन आ.व.२०८१/०८२ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको घरभाडा तथा अतिथि सत्कार एवं भान्सा व्यवस्थापनको लागि तपसिल बमोजिमका दरले सम्वन्धित पदाधिकारीको खातामा मासिक रुपमा भुक्तानी दिने।

तपसिल

| क्र.सं. | पद | घरभाडा रु. | अतिथि सत्कार तथा भान्सा व्यवस्थापन रु. |
|---|---|---|---|
| १. | अध्यक्ष | १४०००। | १५०००।- |
| २. | उपाध्यक्ष | १०५००। | १३०००।- |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | १०५००। | १३०००।- |

निर्णय नं. १४

जाजरकोट जिल्लामा हालसम्म आँखा अस्पताल सञ्चालन नभएकाले जाजरकोट जिल्लामा एक वटा आँखा अस्पताल स्थापनाका लागि नेत्र ज्योती संघलाई अनुरोध गर्ने।

निर्णय नं. १५

आर्थिक वर्ष २०८०/०८१ मा बारेकोट गाउँपालिकाको न्यायिक समिति र राजश्व परामर्श समितिद्वारा सम्पादित कार्यहरुको प्रगति प्रतिवेदन मिति २०८१।०३।०५ गते हुने १९ औं अधिवेशनमा अनुमोदनको लागि पेश गर्ने।

वीर बहादुर गिरी
अध्यक्ष

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०३/०१

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १०-२०८०/०८१)</u>

**निर्णय नं. १६**

आ.व. २०८०/०८१ को सङ्घीय सशर्त अनुदानको सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड अनुदान कार्यक्रम अन्तर्गतको बजेट शिर्षकबाट स्यानिटरी प्याड खरिद गरि बाँकी बजेटबाट सामुदायिक विद्यालयहरुमा वितरण गरिएका स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद तथा वितरण गर्ने।

**निर्णय नं. १७**

मिति २०८१ साल जेठ १५ गते आएको वर्षाको कारण ध्यापटाकुरा लिम्सा सडक खण्ड अन्तर्गत बारेकोट गाउँपालिकाको वडा नं. ९ सक्ला स्थित लोगाने खोलामा आएको पहिरोको कारण सडक अवरुद्धहुँदा सार्वजनिक यातायात सञ्चालन आवत जावतमा समस्या भएकोले उक्त पहिरो सफा गर्ने कार्यमा प्रयोग भएको खर्च बारेकोट गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन कोपबाट खर्च गर्ने।

**निर्णय नं. १८**

मिति २०८१ साल जेठ १५ गते देखि २५ गते सम्म प्रत्येक वडाहरुको सार्वजनिक सुनुवाई र मिति २०८१ साल जेठ २६ गते गाउँपालिकामा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको समिक्षा गरियो। साथै वडा अध्यक्ष ज्यूहरुको सुझाव अनुसार आगामी वर्षको लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने।

**निर्णय नं. १९**

स्थानीय विपद् व्यवस्थापन कोपमा रहेको मौज्दात रकमको सुनिश्चितता गरि विपद् सम्वन्धी सामग्री खरिद गर्न पहल गर्ने। साथै गाउँपालिकाको लागि आवश्यक विपद्जन्य सामग्रीहरु उपलब्ध गराइदिन भनि जिल्ला विपद् व्यवस्थापन समितिसँग अनुरोध गर्ने।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत